**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १८ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले प्रयागराजमा भएको महाकुम्भले उदीयमान भारतको भावनालाई प्रतिबिम्बित गरेको र सम्पूर्ण विश्व, देशको शक्तिको साक्षी बनेको बताउनु भएको छ ।

- रेलमन्त्री अश्विनी वैष्णवले रेलवेले विगत १० वर्षमा पाँच लाख रोजगार सिर्जना गरेको छ र एक लाखभन्दा अधिक रोजगारका लागि भर्ती प्रक्रिया चलिरहेको बताउनु भएको छ ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन( जीटिए )मा विभागहरूको स्थानान्तरण सम्बन्धमा जीटीए सभा सल्लाहकार समितिको बैठक आज लालकोठीमा सम्पन्न भएको छ ।

- मालिक पक्षले बिना शर्त भोलीदेखि नागरी फार्म चियाबारी पुनः सञ्चालन गर्ने भएको छ ।

- ३ मार्च देखि शुरु भएको उच्च माध्यमिक परिक्षा आज शान्तिपुर्वक समाप्त भएको छ ।

**प्रधानमन्त्री -महाकुम्भ**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले प्रयागराजमा भएको महाकुम्भले उदीयमान भारतको भावना लाई प्रतिबिम्बित गरेको र सम्पूर्ण विश्व देशको शक्तिको साक्षी बनेको बताउनु भएको छ । उहाँले अझ भन्नु भयो -विविधतामा एकता भारतको विशेषता हो, जुन हालै सम्पन्न महाकुम्भको समयमा अनुभव गरिएको थियो । प्रधानमन्त्री श्री मोदीले लोकसभामा महाकुम्भको बारेमा एक बयान दिँदै भन्नुभयो - जब सम्पूर्ण विश्व चुनौतीपूर्ण समयबाट दौडीरहेको छ, यस एकताको भव्य प्रदर्शन देशको सबैभन्दा ठूलो शक्ति हो। उहाँले विविधतामा एकताको यो विशेषतालाई अझै समृद्ध बनाउँदै लैजानुपर्ने कुरामा जोड दिनुभएको छ ।

****** o ******

**रेलवे -रेल मंत्री अश्विनी वैष्णव**

रेलमन्त्री अश्विनी वैष्णवले भन्नुभएको छ -रेलवेले विगत १० वर्षमा पाँच लाख रोजगार सिर्जना गरेको छ र एक लाखभन्दा अधिक रोजगारका लागि भर्ती प्रक्रिया चलिरहेको छ। उहाले भारतीय रेलको आर्थिक अवस्था राम्रो रहेको र यसलाई अझ राम्रो बनाउन सरकार लागिपरेको बताउनु भएको छ । लोकसभामा रेल मन्त्रालयको कार्यप्रणाली माथिको बहसको जवाफ दिने क्रममा श्री वैष्णवले यस आशयको जानकारी दिनुभएको हो । उहाँले बर्ष २०२० देखि देशमा यात्रुको भाडामा कुनै वृद्धि नभएको र यो अन्य देशको तुलनामा निकै सस्तो रहेको बताउनु भएको छ । रेल मन्त्रीले भन्नुभएको छ - सरकारले देशमा रेल दुर्घटनाको संख्या कम गर्न ध्यान केन्द्रित गरेको छ।

****** o ******

**भारतीय नौसेना -आधुनिक युद्धपोत**

भारतीय नौसेनालाई चाडैनै अन्य दुई आधुनिक युद्धपोत प्राप्त हुनेछ । गार्डेन रिच शिप बिल्डर्स एण्ड इन्जिनियर्स (जीआरएसई) ले उन्नत स्टील्थ फ्रिगेट आई.एन.एस हिमगिरी र पनडुब्बी-रोधी युद्ध स्यालो वाटर क्राफ्ट आईएनएस एन्ड्रोथको समुद्री परीक्षण सफलतापूर्वक सम्पन्न भएको घोषणा गरेको छ। यी दुई जहाजले ३ मार्च मा कन्ट्र्याक्टर सी ट्रायल्सपूरा गरेका थिए, जुन कुनै पनि जहाज निर्माणको अन्तिम प्रक्रिया मानिन्छ । आईएनएस हिमगिरी परियोजना १७ ए अन्तर्गत निर्माण भइरहेको युद्धपोतमध्ये एक हो। यो जी.आर..एस.ई.द्वारा निर्माण गरिएको

छ र ६ हजार ६ सय ७० टन विस्थापनको साथ भारतमा अहिलेसम्मको सबैभन्दा ठूलो फ्रिगेट हो। यो युद्धपोतमा ब्रह्मोस एन्टी शिप र एन्टी–सर्फेस मिसाइलका साथै बराक–८ सतहबाट हावामा मार हान्न सक्ने मिशाइल जडान गरिएको छ। यस अघि आईएनएस निलगिरी मझगांव डक शिपबिल्डर्सद्वारा निर्मित प्रोजेक्ट १७-ए को पहिलो फ्रिगेट लाई रक्षा मन्त्री राजनाथ सिंहले यस वर्षको जनवरी १५ मा नौसेनामा कमीशन गर्नुभएको थियो।

****** ० ******

**पश्चिम बंगाल विधानसभा -भाजपा विधायक हंगामा**

भारतीय जनता पार्टीका विधायकहरूले आज पश्चिम बङ्गाल विधानसभामा हंगामा गरेका छन्। बिधानसभा अध्यक्ष बिमान बेनर्जीले 'होली हिंसा' बारे चर्चा गर्न नमानेपछि भाजपा सदस्यहरूले वाक-आउट गरेका थिए। विधानसभामा भाजपाका प्रमुख सचेतक शंकर घोषले राज्यका विभिन्न भागहरूमा, विशेष गरी बीरभूममा होलीको समयमा भएको कथित हिंसालाई लिएर स्थगन प्रस्ताव पेश गर्नुभयो। तर, बिधानसभा अध्यक्ष बिमान बनर्जीले उक्त प्रस्ताव अस्वीकार गरेका थिए। घोषलाई प्रस्तावको सुरुका केही अनुच्छेद पढ्न अनुमति दिइएको थियो तर केही अन्य सन्दर्भ र सामग्री सदनमा चर्चाका लागि उपयुक्त नभएको बताए पछी शंकर घोष र मनोज उराँवको नेतृत्वमा भाजपाका लगभग ३० जना विधायकले आ–आफ्नो सिटमा उभिएर राज्य सरकारविरुद्ध नाराबाजी गरेका थिए। त्यसपछि निलम्बित प्रतिपक्षी दलका नेता शुभेन्दु अधिकारीले पनि विधानसभा गेटबाहिर भाजपा विधायकहरूलाई भेटेर मुख्यमन्त्री ममता बनर्जीसँग तत्काल बयान दिन माग गर्नुभयो। विपक्षी दलका नेता शुभेन्दु अधिकारीले भन्नुभयो -, 'हामीलाई यो हिन्दू विरोधी सरकार चाहिएको छैन। हामी जान्न चाहन्छौं कि प्रशासन किन मौन रह्यो र होली जस्ता चाडहरूमा हिंसाको सत्यता किन दबाइयो। हाम्रा प्रमुख सचेतकले यस विषयमा छलफल गर्न माग गरेका थिए, तर यो सरकार सत्य बाहिर आओस् भन्ने चाहँदैन। उहाँले आफ्नो तानाशाही नीतिको विरोधमा भाजपा विधायकहरूले विधानसभा अध्यक्षको निर्वाचन क्षेत्र (बरुईपुर पश्चिम) मा रैली गर्ने घोषणा गर्नुभएको छ।

****** ० ******

**स्टेट बैंक ऑफ इंडिया (एसबीआई) -स्थानांतरित विरोध**

भारतीय स्टेट बैंक (एसबीआई) ले ग्लोबल मार्केट युनिट (जीएमयू) कोलकाताबाट मुम्बई सार्ने योजना विरुद्ध प्रदर्शन तीव्र गरेको छ। सार्वजनिक क्षेत्रका बैंकहरूको निजीकरण विरुद्ध जनमत निर्माण गर्ने संस्था 'सेभ बैंक, सेभ द कन्ट्री फोरम'ले यस कदमप्रति चिन्ता व्यक्त गर्दै राष्ट्रपति द्रौपदी मुर्मूको हस्तक्षेपको माग गरेको छ। फोरम अनुसार यो निर्णयले पश्चिम बङ्गालको वित्तीय प्रणालीलाई कमजोर बनाउनेछ र ठूलो संख्यामा रोजगारी प्रभावित हुनेछ। फोरमका सहसंयोजक विश्वरञ्जन राय र सौम्य दत्ताले राष्ट्रपतिलाई पत्र लेख्दै बैंकको विदेशी विनिमय सञ्चालनका केही प्रमुख एकाइहरू – केन्द्रीकृत ग्लोबल ब्याक अफिस (सीजीबीओ), विदेशी मुद्रा कोषागार, डेरिभेटिभ्स र स्ट्रक्चर्ड प्रडक्ट्स डिभिजन – मुम्बईमा स्थानान्तरण गर्ने एसबीआईको योजनाको विरोध गरेका छन्। जीएमयू, जुन पहिले एसबीआईको ओभरसिज डिभिजनको रूपमा चिनिन्थ्यो, यसको स्थापना कालदेखि कोलकातामा सञ्चालन भइरहेको छ l फोरमले भनेको छ -यसले सिड्नी, बहराइन, हङकङ, लण्डन र न्यूयोर्क जस्ता वैश्विक वित्तीय केन्द्रहरूसँग वित्तीय लेनदेनहरू सञ्चालन गर्दछ। फोरमले यो निर्णयलाई वित्तीय केन्द्रीकरण र क्षेत्रीय आर्थिक स्थायित्वको विरुद्धमा रहेको बताएको छ। फोरमले बर्ष २००८ मा एसबिआईको विदेशी विनिमय परिचालनलाई स्थानान्तरण गर्ने प्रयास कर्मचारीको विरोधका कारण असफल भएको दाबी गरेको छ।

****** ० ******

**झारखंड एवियन फ्लू (एन एच 51) पश्चिम बंगाल -निगरानी**

झारखण्डमा एभियन फ्लु (एच5एन1) भाइरस फेला परेपछि ममता बनर्जी सरकारले पश्चिम बङ्गालमा कठोर प्रोटोकल लागू गरेको छ। सरकारले झारखण्डबाट पोल्ट्री आयातमा पूर्ण प्रतिबन्ध लगाएको छ। झारखण्डबाट कुखुरा कुनै पनि जिल्लामा नपुगोस भन्न खातिर यो प्रतिबन्धलाई कठोरताका साथ लागू गर्न पश्चिम बङ्गाल–झारखण्ड सीमामा विशेष जाँच भइरहेको छ l राज्यको पशुपालन विभागका एक अधिकारीले स्थिति गम्भीर रहेको तर आत्तिनुपर्ने अवस्था नरहेको बताएका छन्। पश्चिम बङ्गाल–बङ्गलादेश सीमामा विशेष निगरानी राखिएको छ। यी क्षेत्रहरूमा जिल्लास्तरीय निगरानी टोलीहरू गठन गरिएको छ जसले स्थितिको निरन्तर निगरानी गरिरहेका छन् र उनीहरूको रिपोर्ट उच्च अधिकारीहरूलाई पठाइरहेका छन्। पशुपालन विभागले राज्यका सबै पोल्ट्री फर्महरूलाई उनीहरूको एकाइहरूमा जैव-सुरक्षा प्रोटोकल कठोरका साथ पालन गर्न निर्देश दिएको छ।

****** ० ******

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन -सभा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन( जीटिए )मा विभागहरूको स्थानान्तरण सम्बन्धमा जीटीए सभा सल्लाहकार समितिको बैठक आज लालकोठीमा सम्पन्न भयो । यो सभा जीटीएका मुख्य कार्यपाल अनित थापाको निर्देशमा डाकिएको जानकारी प्राप्त भएको छ । २४ अक्टोबर २०२४ मा भएको GTA सभाको बैठक र GTA ऐन, २०११ को धारा २६ को प्रावधान अनुसार GTA मा विभागहरूको स्थानान्तरण गर्नका लागि सल्लाहकार समिति गठन गर्ने सम्बन्धी सभाको प्रस्ताव र सम्बन्धित विभागहरूद्वारा जारी सूचनाको आधारमा आजको बैठक डाकिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**नागरी चियाबारी- पुन: संचालन**

मालिक पक्षले कुनै शर्त बिना नै भोलीदेखि सुकेपोखरी खण्ड अन्तर्गत नागरी फार्म चियाबारी पुनः सञ्चालन गर्ने भएको जीटीए सभाका चियरमेन अन्जुल चौहानले जानकारी दिनु भएको छ I उहाले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै गत ५ मार्चदेखि नागरी फार्म चियाबारी बन्द भएपछि आफुले संयुक्त श्रम आयुक्त लाई वार्ता शुरू गरिदिन भनि पत्राचार गरेको, फलस्वरूप आज सिलगड़ीको डागापुरस्थित श्रमिक भवनमा सभा सम्पन्न भएको बताउनु भएको छ। उहाले आजको सभामा लोहिया ग्रुप अफ कम्पनीका मालिक पक्ष, डी.टी.ए. का प्रिन्सिपल एडभाईजर, दार्जीलिङ केन्द्रीय श्रमिक संगठनका नेतृत्वगण,नागरी फार्म चियाबारीका प्रबन्धक,श्रमिक संगठन साथै चियाबारीका प्रतिनिधिवर्ग लगायत आफु स्वयं पनि उपस्थित रहेको र सभामा चिया श्रमिकवर्गको समस्याहरु बारे धेरै चर्चा भएको बताउनु भएको छ । यसरी नै सभामा मालिक पक्षले बिना कुनै शर्त भोलीदेखि नागरी फार्म चियाबारी पुनः सञ्चालन गर्ने भएको पनि बताउनु भएको छ ।

****** ० ******

**पश्चिम बंगाल उच्च माध्यमिक परिक्षा समाप्त**

पश्चिम बङ्गाल उच्च माध्यमिक शिक्षा परिषदले ३ मार्च देखि शुरु गरेको उच्च माध्यमिक परिक्षा आज शान्तिपुर्वक समाप्त भएको छ I दार्जीलिंग पहाडमा पनि उच्च माध्यमिक परिक्षा शान्तिपुर्वक सम्पन्न भएको जानकारी प्राप्त भएको छ I प्राप्त जानकारी अनुसार , यस बर्ष दार्जीलिंग पहाडबाट ४ हजार ६ सय २४ जनाले उच्च माध्यमिक परीक्षा लेखे जसमा कालेबुंग क्षेत्रवाट ३ सय ८८ जना , खर्सांगबाट ६६६ जना र मिरिक महकुमा क्षेत्र वाट ४३० जना बिधार्थीहरुले परीक्षा दिएको जानकारी प्राप्त भएको छ I

****** ० ******

**पुष्प मेला**

नागरी पोख्रेबुंग समस्टि अन्तर्गत पोख्रेबुंग सांगमा साङ्गेटारमा आगामी २२ २३ अनि २४ मार्च को दिन पुष्प प्रदर्शनी हुने जानकारी प्राप्त भएको छ I ग्रीन लोयनम अरकिड सोसाईटी पोख्रेबुङको आयोजनामा हुने यस प्रदर्शनीमा सुनखरी लगायत पोख्रेबुङ नागरी क्षेत्रमा पाइने बिभिन्न प्रजाति का औषधिया बिरुवाहरु र प्राकृतिक अरकिड, बोनसाई प्रजातिको फूलको बिक्री र प्रदर्शनी गरिनेछ।

****** ० ******

**बागडोगरा पुलिस -जफत**

बागडोगरा पुलिस र स्पेशल अपरेशन ग्रुप (एसओजी) ले संयुक्त अभियान चलाएर लाखौं रुपिया बराबरको ब्राउन सुगरसहित एक अभियुक्तलाई पक्राउ गरेको छ। आरोपी इस्लामपुरको बासिन्दा रहेको जान्न मा आएको छ I पक्राउ परेकाहरुको साथबाट प्रहरीले ५०७ ग्राम ब्राउन सुगर उद्धार गरेको छ। पुलिस सुत्र अनुसार आरोपी बिरुद्द एनडीपीएस अधिनियम अन्तर्गत मामला दर्ता गरिएको छ I बागडोगरा पुलिस ले अघिल्लो कारवाही शुरु गरेको छ I

****** ० ******